कार्यविधि स्वीकृत भएको मितिः २०७३/असोज/०९

# सुराकी खर्च मापदण्ड कार्यविधि - २०७३

राजस्व चुहावटको सूचना दिने व्यक्तिलाई सूचनाको सत्यताको आधारमा सुराकी खर्च प्रदान गर्ने कार्यलाई व्यवस्थित गरी सुराकी परिचालन मार्फत राजस्व अनुसन्धान कार्यलाई प्रभावकारी बनाई कर सहभागिता बृद्धि गराउने प्रयोजनार्थ राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३०क ले दिएको अधिकार प्रयोग गरी राजस्व अनुसन्धान विभागले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "सुराकी खर्च मापदण्ड कार्यविधि - २०७३" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

(ग) यो कार्यविधि राजस्व चुहावट सम्बन्धी सूचना दिने ब्यक्ति वा निकायहरुलाई सुराकी खर्च दिने प्रयोजनका लागि लागू हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ सम्भ्कनु पर्छ।

(ख) "नियमावली" भन्नाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली,२०७० लाई सम्भ्कनु पर्छ।

(ग) "विभाग" भन्नाले राजस्व अनुसन्धान विभागलाई जनाउदछ।

(घ) "कार्यालय" भन्नाले राजस्व अनुसन्धान विभाग अन्तर्गतका क्षेत्रीय कार्यालयहरु तथा चेकपोष्ट समेतलाई बुझाउ्दछ।

(ङ) "सुराकी" भन्नाले बिभिन्न माध्यमबाट राजस्व चुहावट सम्बन्धी सूचना उपलब्ध गराउने व्यक्ति वा निकाय सम्भ्कनु पर्छ।

(च) "सूचना" भन्नाले कुनै व्यक्ति वा निकायले आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल लगायतका कर तथा गैरकर राजस्व छल्न सक्ने, छलि गरेको वा लुकाएको वा यस्तो उद्यम गरे गराएको वा यस्तो उद्यम गर्न सक्ने अवस्था रहेको तथा विदेशी विनिमय अपचलनको विषयमा लिखित, मौखिक वा विद्युतीय माध्यमबाट प्राप्त हुने सुराक, सूचना, उजुरी, नालिस, जानकारी, टिपोट समेतलाई बुझाउँछ।

**३. सुराकीको सूचना सम्बन्धी व्यवस्था :**

(क) सुराकीले राजस्व चुहावट गरेको सम्बन्धी सूचना राजस्व अनुसन्धान विभागका महानिर्देशकसमक्ष दिनु पर्नेछ।

(ख) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को अधीनमा रही देहायमा उल्लिखित कार्यको सूचना सुराकीले दिन सक्नेछ -

(१) कुनै व्यक्ति वा निकायले प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गर्ने गरेको,

(२) गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरे वा नबुझाएको वा घटी राजस्व बुझाएको,

(३) कुनै पनि मालबस्तुको चोरी निकासी पैठारी गरी राजस्व छलेको वा छल्ने प्रयत्न गरेको तथा गलत लिखत तथा कागजात तयार गरी राजस्व चुहावट गरेको,

(४) विदेशी विनिमय अपचलन वा सो को गैरकानूनी कारोवार गरेको र

(५) कुनै आय, घरजग्गा वा अन्य सम्पत्ति वा सामानको मुल्य घटी वा वढी हुने गरी हिसाब तयार गरेको ।

(ग) राजस्व चुहावट गरेको सूचना लिखित वा मौखिकरुपमा विद्युतीय माध्यम समेतबाट दिन सकिनेछ ।

(घ) यस्तो सूचना र सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना सहितको विवरण सूचकले चाहेमा गोप्य राखिनेछ ।

## ४. सूचनामा उल्लेख हुनु पर्ने विषयहरुः

राजस्व चुहावट सम्बन्धी विषयमा सुराकी दिने व्यक्तिले यस कार्यविधिको प्रयोजनको निमित्त देहायका विवरण सहितको सूचना दिनुपर्नेछ :-

(क) राजस्व चुहावट/छली गर्ने व्यक्ति वा निकायको सम्पर्क गर्न सकिने गरी नाम, पूरा ठेगाना र उपलब्ध भएसम्म चार किल्ला र सम्पर्क फोन नम्बर समेत खुलाउनु पर्नेछ ।

(ख) राजस्व चुहावट/छली गरेको वा गर्ने व्यक्ति वा निकायको नाम खुलाउन नसकेमा त्यस्तो राजस्व छली भएको स्थान, सवारी साधन नम्बर र थाहा भएसम्म गन्तव्य स्पष्ट किटान गरी जानकारी दिनु पर्नेछ ।

(ग) ढुवानी साधनको हकमा सवारी नम्वर, प्रस्थान समय र पुग्ने स्थान एवं समयको मोटामोटी जानकारी दिनु पर्नेछ ।

(घ) राजस्व चुहावट/छली गर्ने व्यक्ति वा निकाय किटान भएमा निजको व्यवसाय सम्बन्धी जानकारी ।

(ङ) उपलब्ध भएसम्मका राजस्व चुहावट/छली गरेका सबुद र प्रमाणहरु ।

(च) राजस्व चुहावट/छली गर्ने व्यक्ति वा निकायसंग अन्तरसम्बन्धित अन्य व्यक्ति वा निकायहरुको समेत माथि उल्लेख भएसम्मकै ठेगाना, सवारी साधन नम्बर, थाहा भएसम्मको गन्तव्य स्पष्ट किटान गरी जानकारी दिनुपर्नेछ ।

(छ) सुराकी/सूचना/उजुरी सुराकीले तत्सम्बन्धी विवरण वा प्राप्त सबुद प्रमाण खुलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को अनुसूची-१ बमोजिमको ढांचामा

दिन सक्नेछ ।

(ज) चोरी निकासी वा पैठारी गरी राजस्व छलेको हकमा चोरी निकासी वा पैठारी गर्ने व्यक्तिको सम्भव भएसम्मको नाम, नभए निजको हुलिया र मालवस्तु लुकाई छिपाई ल्याउने तरिका एवं मालवस्तुको नाम तथा मालवस्तु रहेको स्थान ।

## ५. सूचना दर्ता सम्बन्धी व्यवस्था :

(क) मौखिक सूचना दिने व्यक्तिले सूचना दर्ता गराउदा टेलिफोनबाट आफ्नो पहिचान जनाउने संकेत, नाम वा नम्बर टिपाउनु पर्नेछ । यस्तो सूचना दर्ता गर्दा सो व्यहोरा खोली संकेत सहित दर्ता किताबमा चढाउनु पर्नेछ ।

(ख) लिखित सूचना दिने व्यक्तिले सूचना दर्ता गराउँदा आफ्नो पहिचान जनाउने नाम, नम्बर आदि स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ र दर्ता गर्दा सो व्यहोरा दर्ता किताबमा जनाउनु पर्नेछ । राजस्व चुहावटका सम्बन्धमा दिइने सूचनाको ढांचा र सूचना दर्ता किताबको ढांचा राजस्व चुहावट( अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को अनुसूची १ र २ ले तोके बमोजिम हुनेछ । सूचना दर्ता किताबको प्रत्येक पृष्ठमा महानिर्देशकले तोकेको उपमहानिर्देशक वा निर्देशकले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ ।

(ग) लिखित सूचना दर्ता भए पछि सूचना दिने व्यक्ति/निकायलाई उपयुर्क्त नियमावलीको अनुसूची-३ बमोजिमको भरपाई दिइनेछ । अनुसूची- १, २ र ३ को नमूना बिभागको website www.dri.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

(घ) प्राप्त सूचनाहरु सुराकी सूचना दर्ता किताबमा दर्ता गरी छुटटै फायल खडा गरी गोप्य रुपमा राख्नु पर्नेछ र सो सम्बन्धी कार्यको जिम्मेवारी र जानकारी महानिर्देशकले तोकेका व्यक्तिलाई मात्र हुनेछ । दर्ता नभएका सूचनाको सुराकी खर्च भुक्तानी हुने छैन ।

(ङ) सुराकीले सूचना दर्ता गराउँदा पेश गरेको कुनै सबुद प्रमाणको नक्कल लिन चाहेमा निजलाई सोको नक्कल दिइनेछ ।

## ६ सूचनाको सत्यता जांच सम्बन्धी व्यवस्था :

सुराकीलाई पुरस्कार दिने प्रयोजनका लागि प्राप्त सूचनाको भिडान गर्न देहायको मध्ये सबै वा कुनै आधारहरु लिइनेछ ।

- मौखिक रुपमा उजुरी दिएकोमा सोको स्पष्ट विवरण र पहिचान संकेत (code),
- लिखित सूचनाका हकमा दर्ता गर्दाका बखत दिइएको भरपाई,
- उजुरीसंग कुनै प्रमाण पेश गरेको रहेछ भने सोको नक्कल,
- सूचनाको जाँच हुने अन्य कुनै बिषय,
- एकपटक दिएको सूचना वा उजुरी उपर छानविन भइरहेको अवस्थामा सोही सूचना वा उजुरी उपर पुनः सुराकी खर्च दिइने छैन ।

## ७. सुराकी खर्च दिने सम्बन्धी व्यवस्था :

(क) सुराकीले दिएको लिखित वा मौखिक सूचनाको सत्यता सम्बन्धमा छानबिन गरी सूचनाको बर्गीकरण सहित सुराकी खर्च दिने सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गरिने छ ।

(१) उपमहानिर्देशक ........................... संयोजक

(२) निर्देशक, प्रशासन शाखा ................. सदस्य

(३) निर्देशक, अनुसन्धान शाखा .............. सदस्य (महानिर्देशकले तोके बमोजिम)

(४) उपसचिव, लेखा शाखा .................. सदस्य सचिव

(ख) सुराकीले दिएको लिखित वा मौखिक सूचनाको सत्यता प्रमाणित भई कसुरवाला व्यक्ति, निकाय वा राजस्व चुहावट वा विदेशी विनिमय अपचलनको प्रमाणलाई नियन्त्रणमा लिई छानविनका क्रममा रहेको अवस्थामा ऐनको दफा ३०क को अधीनमा रही सिफारिस समितिको सिफारिसमा महानिर्देशक वा निजले तोकेको उपमहानिर्देशकको आदेशमा तत्काल देहायको सुराकी खर्च दिइनेछ :

(१) भन्सार छली गरी आयात-निर्यात गरेको मौखिक सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा प्रति सूचना पांच हजार रुपैयाँ ।

(२) आन्तरिक ओसारपसारमा राजस्व छली भएको सूचना दिने सुराकीलाई सूचनाको सत्यताका आधारमा प्रति सूचना पांच हजार रुपैयाँ ।

(३) लिखित रुपमा राजस्व चुहावटको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा आठ हजार रुपैयाँ ।

(४) लिखित रुपमा राजस्व चुहावटको स-प्रमाण सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा दश हजार रुपैयाँ ।

## ८. सुराकी खर्च दावी गर्न आउने सुराकीले पालना गर्नु पर्ने शर्तहरुः

(क) सूचनाका आधारमा कारवाही चलेको एक महिनाभित्र सुराकी खर्च दाबी गरी सक्नु पर्नेछ ।

(ख) सुराकी खर्च लिन सूचना दिने व्यक्ति आफै उपस्थित हुनु पर्नेछ ।

(ग) एक वा एक भन्दा बढी सुराकी भएमा दामासाहीले सुराकी खर्च भुक्तानी दिइनेछ ।

(घ) प्रत्येक महिनाको सुराकी खर्चको फांटवारी महानिर्देशक वा निजले तोकेको पदाअधिकारीले प्रमाणित गरी राख्नु पर्नेछ ।

## ९. ब्याख्या

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा भएमा विभागले ब्याख्या गरी कार्यान्वयन गर्नेछ ।

अनुसूची-१

## राजस्व चुहावट सम्बन्धी सूचनाको ढाँचा

श्रीमान् महानिर्देशकज्यू,
राजस्व अनुसन्धान विभाग ।

### विषयः राजस्व चुहावट सम्बन्धी सुचना दिइएको सम्बन्धमा ।

राजस्व चुहावट सम्बन्धी कसूरमा कारबाही हुन देहायको विवरण खोली यो सूचना दिएको छु/छौं :-

१. सूचना दिने व्यक्तिको नाम, थर र ठेगानाः-
२. त्यस्तो कसूर गर्ने व्यक्तिको नाम, थर र ठेगानाः-
३. त्यस्तो कसूर भएको वा भैरहेको वा हुने स्थान, मिति र समयः-
४. त्यस्तो कसूर सम्बन्धी व्यहोराः-
५. सबुत प्रमाण भए सो कुराः-
६. सवारी/ढुवानीका साधन प्रयोग भएको भए सो को नम्बरः-
७. त्यस्तो कसूर सँग सम्बन्धित अन्य विवरणः-
८. माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँ ला बुझाउँला । अनुसन्धान तथा तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुन पर्ने जनाउ पाएमा उपस्थित हुनेछ ।

सूचना दिने व्यक्तिको सहीछापः-
नाम, थर, वतनः-

इति सम्वत् .................... साल ........... महिना .............. गते ........... रोज शुभम् ।

अनुसूची-२

# सूचना दर्ता किताबको ढाँचा

नेपाल सरकार

अर्थ मन्त्रालय

राजस्व अनु सन्धान विभाग

## सूचना दर्ता किताब

| दर्ता नं. | मिति | सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना | अभियुक्तको नाम, थर र ठेगाना | सूचनाको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणित गर्ने अधिकृतको,
दस्तखतः ................................
नाम, थरः ..............................
दर्जाः .....................................
मितिः ...................................

अनुसूची-३

# सूचनाको भरपाइको ढाँचा

नेपाल सरकार

अर्थ मन्त्रालय

राजस्व अनु सन्धान विभाग

## सूचनाको भरपाइ

.............................................. विषयको मिति .................................... को सूचना प्राप्त भै यस विभागको दर्ता किताबमा मिति ............................ मा दर्ता भयो ।

विभागको छाप :-

दर्ता नं.

सूचना दर्ता गर्ने कर्मचारीको,

दस्तखतः ..................................

नामः .....................................

दर्जाः .....................................

मितिः ....................................